# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, अनामनगर

### *सूचना तथा प्रकाशन शाखा*

### राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरहका पदको
### जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ४५३/०७५-७६**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार वा सो सरहका निम्नलिखित सेवा/समूह/उपसमूहका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४घ१क बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगवाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७६/१/३ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मिति भित्र **सम्बन्धित बढुवा समितिको सचिवालयमा** दरखास्त बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

**उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २४घ१क (२) बमोजिम श्रेणी विहीन पदमा वा राजपत्र अनंकित पाँचौ श्रेणीको पदमा आवद्ध भएका उम्मेदवारलाई श्रेणी विहीन पदमा गरेको सेवा अवधि समेत गणना गरी कम्तीमा कूल सेवा अवधि २० वर्ष पूरा भएको हुनुपर्नेछ ।

(ख) देहाय बमोजिम न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने:

अ) **न्याय सेवाको न्याय, कानून र सरकारी बकिल समूहको लागि** : मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण ।

आ) **लेखापरीक्षण सेवाको लागि**:- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण ।

नोट: *ग्रेडिङ्ग पद्धतीबाट शैक्षिक योग्यता हासिल गरेको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेको हुनुपर्ने ।*

(ग) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ ।

(घ) प्रदेश वा स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम योग्य भएको हुनुपर्नेछ ।

(ङ) निजामती सेवा ऐन, २०४९ को दफा २४ को उपदफा ३ बमोजिम सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कन वापत अंक गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अंकको गणना गर्दा बढुवा दरखास्त दिने अन्तिम म्यादसम्म हासिल गरेको अंक गणना गरिनेछ ।

(च) पहिलेको सेवा अवधिको गणना सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १२३ बमोजिम हुनेछ । सो को लागि सेवा अवधि प्रमाणित भएको हुनुपर्नेछ ।

(छ) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

(ज) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(झ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(ञ) दरखास्त दस्तुर रु. ३००।- (तीन सय) बुझाउनु पर्नेछ ।

(ट) सम्बन्धित बढुवा समितिका सचिवालयहरुले यसै सूचनालाई आधार मानी बढुवा दरखास्त फाराम सङ्कलन गरी बढुवा सम्बन्धी कारवाही अघि बढाउन अनुरोध गरिन्छ ।

### (क) लोक सेवा आयोग, धनकुटा कार्यालय

| क्र. सं. | बढुवा सूचना नं. | रिक्त भएको पदको | | | बढुवा समितिको सचिवालय | बढुवा उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | सेवा, समूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ५०/०७५-७६ | न्याय, न्याय | १ (एक) | तेह्रथुम जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | सम्बन्धित प्रदेशका प्रमुख सचिव |

### (ख) लोक सेवा आयोग, खोटाङ कार्यालय

| क्र. सं. | बढुवा सूचना नं. | रिक्त भएको पदको | | | बढुवा समितिको सचिवालय | बढुवा उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | सेवा, समूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ५१/०७५-७६ | न्याय, न्याय | १ (एक) | सोलुखुम्बु जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बु | सम्बन्धित प्रदेशका प्रमुख सचिव |

### (ग) लोक सेवा आयोग, जलेश्वर कार्यालय

| क्र. सं. | बढुवा सूचना नं. | रिक्त भएको पदको | | | बढुवा समितिको सचिवालय | बढुवा उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | सेवा, समूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ५२/०७५-७६ | न्याय, न्याय | १ (एक) | पर्सा जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, पर्सा | सम्बन्धित प्रदेशका प्रमुख सचिव |
| २. | ५३/०७५-७६ | न्याय, न्याय | १ (एक) | रौतहट जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, रौतहट | |

### (घ) लोक सेवा आयोग, काठमाडौं कार्यालय

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पदको | | | बढुवा समितिको सचिवालय | बढुवा उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | सेवा, समूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ५४/०७५-७६ | न्याय, न्याय | १ (एक) | केन्द्रस्तर (सर्वोच्च अदालत वा अन्तर्गत) का निकायहरुमा कार्यरत राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | सामान्य प्रशासन मन्त्रालय | सामान्य प्रशासन मन्त्रालयका विशिष्ट श्रेणीका पदाधिकारी |
| २. | ५५/०७५-७६ | लेखापरीक्षण | १ (एक) | केन्द्रस्तरका निकायहरुमा कार्यरत राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | | |
| ३. | ५६/०७५-७६ | न्याय, न्याय | १ (एक) | काठमाडौं जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा कार्यरत राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, काठमाडौं | सम्बन्धित प्रदेशका प्रमुख सचिव |
| ४. | ५७/०७५-७६ | न्याय, न्याय | १ (एक) | काभ्रेपलाञ्चोक जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा कार्यरत राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक | |
| ५. | ५८/०७५-७६ | न्याय, न्याय | १ (एक) | भक्तपुर जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा कार्यरत राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, भक्तपुर | |
| ६. | ५९/०७५-७६ | न्याय, न्याय | १ (एक) | ललितपुर जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा कार्यरत राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, ललितपुर | |
| ७. | ६०/०७५-७६ | न्याय, न्याय | १ (एक) | सिन्धुपाल्चोक जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा कार्यरत राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक | |
| ८. | ६१/०७५-७६ | न्याय, न्याय | १ (एक) | दोलखा जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा कार्यरत राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, दोलखा | |

नोट: **"केन्द्रीय स्तरका कार्यालय"** भन्नाले नेपालभर कार्यक्षेत्र भएको र कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत प्रमुख हुने काठमाडौं उपत्यकास्थित निकाय वा कार्यालय सम्झनु पर्छ ।

### (ङ) लोक सेवा आयोग, पोखरा कार्यालय

| क्र. सं. | बढुवा सूचना नं. | रिक्त भएको पदको | | | बढुवा समितिको सचिवालय | बढुवा उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | सेवा, समूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ६२/०७५-७६ | न्याय, न्याय | १ (एक) | तनहुँ जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, तनहुँ | सम्बन्धित प्रदेशका प्रमुख सचिव |
| २. | ६३/०७५-७६ | न्याय, न्याय | १ (एक) | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व), | |
| ३. | ६४/०७५-७६ | न्याय, सरकारी वकिल | १ (एक) | कास्की जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, कास्की | |

### (च) लोक सेवा आयोग, बुटवल कार्यालय

| क्र. सं. | बढुवा सूचना नं. | रिक्त भएको पदको | | | बढुवा समितिको सचिवालय | बढुवा उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | सेवा, समूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ६५/०७५-७६ | न्याय, न्याय | १ (एक) | रुपन्देही जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, रुपन्देही | सम्बन्धित प्रदेशका प्रमुख सचिव |
| २. | ६६/०७५-७६ | न्याय, न्याय | १ (एक) | कपिलवस्तु जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, कपिलवस्तु | |
| ३. | ६७/०७५-७६ | न्याय, न्याय | १ (एक) | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लास्थित साविकका क्षेत्रीय, अञ्चल, जिल्ला तथा इलाकास्तरीय कार्यालयहरुमा राजपत्र अनंकित पाँचौ श्रेणी वा श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, नवलपरासी ( बर्दघाट सुस्ता पश्चिम) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | ११९१२/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | ४ (चार) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | ग. | लेखापरीक्षण | | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ६ (छ) |
| ५. | ११९१३/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | ४ (चार) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ५ (पाँच) |
| ६. | ११९१४/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ७. | ११९१५/०७५-७६ | अपाङ्ग | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ८. | ११९१६/०७५-७६ | पिछडिएको क्षेत्र | क. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

## (च) लोक सेवा आयोग, हेटौंडा कार्यालय

| क.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १२५०२/०७५-७६ | आ.प्र. | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | | | जम्मा माग पदसंख्या | ३ (तीन) |
| २. | १२५०३/०७५-७६ | खुला | क. | न्याय | न्याय | ९ (नौ) |
| | | | | | जम्मा माग पदसंख्या | ९ (नौ) |
| ३. | १२५०४/०७५-७६ | महिला | क. | न्याय | न्याय | ५ (पाँच) |
| | | | | | जम्मा माग पदसंख्या | ५ (पाँच) |

## (छ) लोक सेवा आयोग, पोखरा कार्यालय

| क.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १२८५६/०७५-७६ | आ.प्र. | क. | न्याय | न्याय | ४ (चार) |
| | | | | | जम्मा माग पदसंख्या | ४ (चार) |
| २. | १२८५७/०७५-७६ | खुला | क. | न्याय | न्याय | ९ (नौ) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १० (दश) |
| ३. | १२८५८/०७५-७६ | महिला | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ४. | १२८५९/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ५. | १२८६०/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | २ (दुई) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ३ (तीन) |
| ६. | १२८६१/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ७. | १२८६२/०७५-७६ | पिछडिएको क्षेत्र | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

## (ज) लोक सेवा आयोग, बाग्लुङ कार्यालय

| क.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १३४५२/०७५-७६ | आ.प्र. | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| २. | १३४५३/०७५-७६ | खुला | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ३. | १३४५४/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

## (झ) लोक सेवा आयोग, बुटवल कार्यालय

| क.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १३८०७/०७५-७६ | आ.प्र. | क. | न्याय | न्याय | ५ (पाँच) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ६ (छ) |
| २. | १३८०८/०७५-७६ | खुला | क. | न्याय | न्याय | १० (दश) |
| | | | ख. | न्याय | सरकारी वकिल | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | १२ (बाह्र) |
| ३. | १३८०९/०७५-७६ | महिला | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ४ (चार) |
| ४. | १३८१०/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ५. | १३८११/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ६. | १३८१२/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

## (ञ) लोक सेवा आयोग, दाङ कार्यालय

| क.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १४४०२/०७५-७६ | आ.प्र. | क. | न्याय | न्याय | ७ (सात) |
| | | | | | जम्मा माग पदसंख्या | ७ (सात) |
| २. | १४४०३/०७५-७६ | खुला | क. | न्याय | न्याय | १० (दश) |
| | | | | | जम्मा माग पदसंख्या | १० (दश) |
| ३. | १४४०४/०७५-७६ | महिला | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | | | जम्मा माग पदसंख्या | ३ (तीन) |
| ४. | १४४०५/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | | | जम्मा माग पदसंख्या | ३ (तीन) |
| ५. | १४४०६/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ६. | १४४०७/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

## (ट) लोक सेवा आयोग, सुर्खेत कार्यालय

| क.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १४७५६/०७५-७६ | खुला | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| २. | १४७५७/०७५-७६ | महिला | क. | न्याय | न्याय | १ (एक) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ३. | १४७५८/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ४. | १४७५९/०७५-७६ | पिछडिएको क्षेत्र | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

## (ठ) लोक सेवा आयोग, जुम्ला कार्यालय

| क.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १५३५२/०७५-७६ | आ.प्र. | क. | न्याय | न्याय | १ (एक) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| २. | १५३५३/०७५-७६ | खुला | क. | न्याय | न्याय | १ (एक) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |
| ३. | १५३५४/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ४. | १५३५५/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ५. | १५३५६/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

## (ड) लोक सेवा आयोग, दिपायल कार्यालय

| क.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १५७०६/०७५-७६ | आ.प्र. | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | | | जम्मा माग पदसंख्या | ३ (तीन) |
| २. | १५७०७/०७५-७६ | खुला | क. | न्याय | न्याय | ३ (तीन) |
| | | | | | जम्मा माग पदसंख्या | ३ (तीन) |
| ३. | १५७०८/०७५-७६ | महिला | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ४. | १५७०९/०७५-७६ | आदिवासी/ जनजाति | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ५. | १५७१०/०७५-७६ | मधेसी | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

## (ढ) लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय

| क.सं. | वि.नं. | विज्ञापनको किसिम | माग पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.नं. | सेवा | समूह | माग पदसंख्या |
| १. | १६३०२/०७५-७६ | आ.प्र. | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| २. | १६३०३/०७५-७६ | खुला | क. | न्याय | न्याय | ४ (चार) |
| | | | ख. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | ५ (पाँच) |
| ३. | १६३०४/०७५-७६ | महिला | क. | न्याय | न्याय | २ (दुई) |
| | | | | | जम्मा माग पदसंख्या | २ (दुई) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | १६३०५/०७५-७६ | आदिवासी/जनजाति | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ५. | १६३०६/०७५-७६ | मधेसी | क. | न्याय | सरकारी वकिल | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |
| ६. | १६३०७/०७५-७६ | दलित | क. | न्याय | न्याय | १ (एक) |
| | | | | | जम्मा माग पदसंख्या | १ (एक) |

**परीक्षाको किसिम :-** लिखित, कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ता ।

**परीक्षा केन्द्र :-** विज्ञापनसँग सम्बन्धित आयोगका धनकुटा, इलाम, खोटाङ, जलेश्वर, काठमाडौं, हेटौंडा, पोखरा, बाग्लुङ, बुटवल, दाङ, सुर्खेत, जुम्ला, दिपायल र महेन्द्रनगर कार्यालयहरु । **साथै लोक सेवा आयोग जलेश्वर कार्यालयबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र सिराहा जिल्लाको लहान र पर्सा जिल्लाको वीरगञ्जमा तथा लोक सेवा आयोग, जुम्ला कार्यालयबाट विज्ञापन हुने पदको परीक्षा केन्द्र डोल्पा र हुम्ला जिल्लाको सदरमुकाममा समेत कायम गरी परीक्षा संचालन गरिनेछ ।**

**दरखास्त दस्तुर :-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ३००।- (तीन सय) बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. १५०।- (एक सय पचास) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** <u>अनलाइन मार्फत दरखास्त दस्तुर बुझाउने विधि :</u>

आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" link मा Click गर्ने । त्यसपछि देखिने भौचर स्लिपको तल पट्टी रहेको शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाइ Online Payment button मा Click गरेपछि देखिने भौचरसँग रहेको Connect IPS Radio button मा Click गरी "रकम भुक्तानी गर्नुहोस्" बटनमा click गर्ने । त्यसपछि आउने स्क्रिनबाट Connect IPS प्रणालीमा login गरी आफ्नो बैंक खाता छानी सोझै दस्तुर बुझाउन सकिनेछ । Connect IPS को सेवा प्रयोग गर्न www.connectips.com मा गई Sign Up गर्नका साथै उक्त प्रणालीसँग जोडिएका बैंकहरुमध्ये आफ्नो खाता रहेको बैंकको खातालाई link गरी अनलाईन मार्फत् परीक्षा दस्तुर बुझाउन सकिनेछ ।

<u>नगदै दरखास्त दस्तुर बुझाउने विधि :</u>

आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म submit गरेपछि Payment Tab को view applied advertisement मा Click गरी आफूले Apply गरेको list मा रहेको "तिर्नुहोस्" link मा Click गर्ने । त्यसपछि देखिने भौचर स्लिपको तल पट्टी रहेको शर्त मञ्जुर गर्ने Check Box मा Tick लगाइ **राष्ट्रिय वाणिज्य बैंक वा ग्लोबल आई.एम.ई. बैङ्क** मध्ये आफूलाई पायक पर्ने कुनै एक बैंकमा क्लिक गर्नु पर्नेछ । सो पश्चात् देखिने भौचरको तल पट्टी रहेको शर्त मञ्जुर गर्ने check box मा Tick लगाइ activate हुने print button मा click गरी भौचर Print गरेर उक्त बैंकको नजिकको शाखामा गई भौचर पेश गरी रकम बुझाउन सकिन्छ । उक्त भौचर विना बैंकहरुले नगद नबुझ्ने भएकोले भौचरमा कारोबार संकेत नं उल्लेख भएको निश्चित गरी सो भौचर साथै लिइ बैंकमा जानुपर्नेछ । उल्लेखित बैङ्कहरुका नेपाल भरिका कुनै पनि शाखाहरुबाट नगद बुझाउन सकिने छ ।

**दरखास्त दस्तुर बुझाउने अवधि :-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको Master ID सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको बैंक/कार्यालयमा परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

**दरखास्तको माध्यम :-** विज्ञापित सबै पदहरुमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनु पर्नेछ । अनलाइन मार्फत् दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.psc.gov.np बाट हेर्न सकिनेछ ।

**अपलोड गर्नुपर्ने कागजातहरु :-** **उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडिको भाग स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।**

**दरखास्त दिने अन्तिम मिति :-** २०७५/१२/१९ सम्म. र दोब्बर दस्तुर तिरी २०७५/१२/२६ सम्म ।

**उम्मेदवारको उमेरको हद :-**
- २०७५/१२/१९ सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।
- वहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

**अन्तर्वार्ता अधिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति:-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरण:-** सेवा, समूह सम्बन्धी ।

**तलब:-** प्रचलित कानून बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालय:-** सेवा, समूह, उपसमूहको प्रशासन सञ्चालन गर्न तोकिएका सम्बन्धित मन्त्रालय ।

## लिखित परीक्षा कार्यक्रम

क) आन्तरिक प्रतियोगितातर्फ :

| क.सं | सेवा | समूह | परीक्षा मिति र समय | |
|---|---|---|---|---|
| | | | प्रथम पत्र | द्वितीय पत्र |
| | | | सामान्य ज्ञान र सामाजिक अध्ययन | सेवा सम्बन्धी |
| १. | न्याय | न्याय, कानून, सरकारी वकिल | २०७६/०३/०३ विहान ८:०० बजे | २०७६/०३/०४ गते विहान ८:०० बजे |
| २. | व्यवस्थापिका संसद | सामान्य प्रशासन | | २०७६/०३/०५ गते विहान ८:०० बजे |

ख) संयुक्त र एकीकृत लिखित परीक्षातर्फ (खुला तथा समावेशी, सबै सेवा/समूहको लागि) :

| पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|
| प्रथम चरण : | | | |
| प्रथम पत्र (सबै सेवा समूहको लागि) | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | २०७६/०१/१४ गते | दिनको ११:०० बजे |
| द्वितीय चरण : *(प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित हुन पाउनेछन्)* | | | |
| द्वितीय पत्र (सबै सेवा समूहको लागि) | विज्ञान र गणित | २०७६/०३/०७ गते | दिनको ११:०० बजे |
| तृतीय पत्र (सबै सेवा समूहको लागि) | सामाजिक अध्ययन तथा कार्यालय सञ्चालन | २०७६/०३/०७ गते | दिनको २:०० बजे |

## आवश्यक न्यूनतम योग्यता

आन्तरिक प्रतियोगिता, खुला तथा समावेशीको लागि :-

(क) न्याय सेवा, न्याय, कानून र सरकारी वकिल समूह तथा व्यवस्थापिका संसद सेवाको सामान्य प्रशासन समूहका लागि :- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण ।

(ख) लेखापरीक्षण सेवाको लागि:- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित वा लेखा विषय लिई प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण ।

**नोट : ग्रेडिङ प्रणाली लागू भए पश्चात् एस.एल.सी. वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।**

## आन्तरिक प्रतियोगिताको लागि विशेष सूचना

(क) आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदहरुमा राजपत्र अनंकित तृतीय श्रेणी र श्रेणीविहीन पदमा कार्यरत कर्मचारीहरु सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

(ख) राजपत्र अनंकित द्वितीय श्रेणीको पदको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता र निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (६) बमोजिम न्यूनतम सेवा अवधि (तीन वर्ष) पूरा गरेको हुनु पर्नेछ ।
(तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी बसोबास भएका निजामती कर्मचारीहरुको उल्लेखित सेवा अवधिमा एक वर्ष कम भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुनेछन् )

(ग) निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा १४क, व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत आवश्यक न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेका सम्बन्धित कर्मचारीहरु उम्मेदवार पाउनेछन् ।

(घ) निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम उम्मेदवार हुनको लागि अयोग्य नभएको हुनुपर्नेछ ।

(ङ) पहिलेको सेवा अवधिको गणना सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम १२३ बमोजिम हुनेछ । सो को लागि सेवा अवधि प्रमाणित भएको हुनुपर्नेछ ।

(च) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

(छ) अनलाईन दरखास्त फाराम भर्दा आफ्नो सेवा सम्बन्धी विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

## खुला तथा समावेशी परीक्षाको लागि सूचना

१) निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२) प्रथम चरण (First Phase) को परीक्षामा उत्तीर्ण हुनको लागि प्रथम चरणको पूर्णाङ्कको ४० (चालीस) प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ । प्रथम चरणको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कको शतप्रतिशत अंक द्वितीय चरण (Second Phase) को परीक्षाको प्राप्ताङ्कमा जोडी कूल अंकको आधारमा लिखित परीक्षाको नतिजा प्रकाशन गरिनेछ ।

३) द्वितीय चरणको खुला र समावेशीतर्फको लिखित परीक्षा एकै सिटिङ एकै मिति र समयमा हुनेछ । (प्रत्येक सेवा/समूह र खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन )

४) खुला तथा समावेशीतर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सबै सेवा, समूहको एकमुष्ट रुपमा प्रकाशन गरिनेछ ।

५) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारले कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्तामा सम्मिलित हुनु अगाडि सेवा, समूह र कार्यालयहरुको प्राथमिकताक्रम अनिवार्य रुपले भर्नुपर्नेछ । सेवा, समूह तथा कार्यालयको प्राथमिकताक्रम नभर्ने उम्मेदवारलाई अन्तर्वार्तामा सहभागी गराइने छैन ।

६) समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

७) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ । सीप परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ ।

८) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा, समूह र कार्यालयहरुको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवारहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्दछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्दछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएमा सोही सूचीको आधारमा,
तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भएमा सोही सूचीको आधारमा,
तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ग) अपाङ्गका हकमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र ।

(घ) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तह/निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ङ) पिछडिएको क्षेत्रका हकमा निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने अन्तिम दिन देखि ३ महिना अगाडी सम्मको मितिमा जारी भएको सिफारिसको आधारमा ।

(च) स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईसराइको हकमा छाडेको र गएको स्थानीय तह/निकायको बसाईसराइ गरेको खुल्ने कागजात ।

## द्रष्टव्य

(क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) समान तह/श्रेणीका पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त लिइने छैन ।

(ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(बाँकी पृष्ठ १३ मा)

(१२ पृष्ठको बाँकी)

(च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी शिक्षण संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ।

*तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने अवस्था भएमा यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पुरा गरिसकेको) भन्ने व्यहोराको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ।*

(छ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन।

(ज) विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुन: संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. र परीक्षा केन्द्रहरु छनौट गर्नुपर्नेछ।

(झ) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

(ञ) दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

(ट) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ।

## सिफारिस सम्बन्धी सूचनाहरु

लोक सेवा आयोगका विभिन्न कार्यालयहरुद्वारा प्रकाशित देहाय बमोजिमका विज्ञापनहरुको सिफारिस सम्बन्धी सूचनाहरु आयोगको वेबसाइटका साथै सम्बन्धित कार्यालयको सूचना पाटीमा टाँस गरिएको र आयोगको मिति २०७५/६/२१ को सूचनापत्र (Bulletin) मा समेत प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | आ.प्र., खुला तथा समावेशी | सेवा, समूह, उपसमूह | श्रेणी/तह | पद |
|---|---|---|---|---|---|
| लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर | | | | | |
| १ | १६६५१/०७५-७६ | आ.प्र. | न्याय, कानून | रा.प. प्रथम | सहसचिव वा सो सरह |
| २ | १६६५२/०७५-७६ | आ.प्र. | न्याय, सरकारी वकिलत | रा.प. प्रथम | सहसचिव वा सो सरह |

**WebSite:- www.psc.gov.np**